# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

चलानी नं. ३८६६
पत्रसंख्या : ०७८/०७९

## सटर भाडामा लगाउने सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मिति २०७८।१०।१७ गते

रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मातहतमा रहेको देहायका सटरहरु भाडामा लगाउन बढाबढ प्रक्रिया व्दारा ठेक्का गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूवृक सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो पन्ध्र (१५) दिने दोश्रो पटक सूचना सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१.इच्छुक दरभाउपत्र दाताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (मिति २०७८।११।०२गते) कार्यालय समय भित्र कार्यालयको राजश्व शाखाबाट दरभाउपत्र फारम रु. १०००। (फिर्ता नहुने गरी) मा खरिद गरी १६ औं दिन दिनको १२:०० बजे नगरपालिकामा दर्ता गरि सक्नुपर्ने छ । दर्ता भएको दरभाउपत्र सोही दिन कार्यालयका प्रतिनिधिहरुको रोहवरमा दिनको ४:०० बजे खोलिने छ । दरभाउपत्र खोल्दा , दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन् ।

२. सिलबन्दी दरभाउपत्र फारम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन सिलबन्दी दरभाउपत्र दाखिला गर्न र खोल्न सकिनेछ ।

३. दरभाउपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकता को प्रमाण पत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७८/२०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा म्याद थपको पत्र र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र फारमको खाम बाहिर यस रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सटर (पसल घर) को कोठा नं. स्पष्ट रुपमा उल्लेख गरिनुको साथै दरभाउपत्र दाताले पनि आफ्नो नाम र ठेगाना उल्लेख गरि पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्र दाताले पेश गरेका कबोल अंक र अक्षरमा उल्लेख गरि पेश गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

चलानी नं.
पत्रसंख्या : ०७८/०७९

६. सिलबन्दी दरभाउपत्र दाताले आफुले कबोल गरेको मासिक भाडा रकम को ५३ महिनाले गुणन गर्दा हुन आउने रकमको ५ प्रतिशत ले हुने रकम धरौटी वापत रामग्राम नगरपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक परासी शाखामा रहेको धरौटी खाता नं. च.हि.नं. ३१००१००३०३००००२ ग ३ खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्रय बैकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ७५ दिन म्याद भएको विडवण्ड संलग्न गर्नु पर्ने छ।

७. पेश भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, कुनै कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

८. म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको सिलबन्दी दरभाउपत्र फारम उपर कुने कारवाही गरिने छैन्।

९. सटर कोठाको बहाल रकम संझौता भएको मिति देखि २/२ वर्षमा भाडा रकम मा १० प्रतिशतले स्वतः वृद्धि हुनेछ।

१०. पहिला देखि सटर भाडामा लिनेको भाडा बुझाउन बाकी भए ०७८ पुष मसान्त सम्म बुझाई सकेको हुने छ। र कुनै किसिमको नगरपालिकालाई बुझाउने बाकी बक्यौता भएमा निज वा निजको परिवार सटर भाडामा लिन पाउने छैन्।

११. सटरहरुको समयावधी ५३ महिना सम्म का लागि हुने छ। अन्य कुरा दरभाउपत्रमा उल्लेख गरे बमोजिम हुने छ।

१२. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

तपसिलको सटर

तेश्रो पटक प्रकाशित मिति २०७८।१०।१७

| सटर नं. | भवनको किसिम | न्युनतम कबोल रकम | सम्झौता गर्दा लाग्ने धरौटी रकम |
|---|---|---|---|
| १ | पश्चिम मोहडा | ३००० | २५००० |